# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः २ रिब्दीकोट माघ १७, २०७६ साल संख्याः ५**

**भाग – २**

## रिब्दीकोट गाउँपालिका

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम संचालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## रिब्दीकोट गाउँपालिका अन्तर्गत संचालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६

गाउँसभाबाट पारित मिति : २०७५।१०।१६

पृष्ठभूमी :

यस रिब्दीकोट गाउँपालिकाका कूल ग्रास्थ उत्पादनको दुई तिहाई भन्दा बढि कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाई भन्दा बढी जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकाले यस गाउँपालिकाको अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिका रहेको स्पष्ट छ । यस गाउँपालिकाबाट प्रत्यक वर्ष ७०० जना जति उत्पादनशिल युवाहरु वैदेशिक श्रमबजारमा प्रवेश गरेका छन् । यसै सन्धर्वमा युवाहरुलाई कृषिक्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने र कृषि क्षेत्रको व्यवसायीकरणबाट आयआर्जन गराउने उद्देश्यले युवा लक्षित कार्यक्रम अर्न्गात विशेष पशु उत्पादन (डेरी, बाख्रा, बंगुर र पशु सेवा बजार

प्रवर्धन) कार्यक्रम संचालनार्थ प्रतिशत प्रति रुपमा अनुदान प्रवाह गर्न यस गाउँपालिकाले आ.व. ................ मा युवालक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम “रिब्दीकोट गाउँपालिका पशुपंक्षी युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६” रहेको छ ।

ख) यो कार्यविधि रिब्दीकोट गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुने छ ।

२. परिभाषाः

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१ “कार्यालय” भन्नाले रिब्दीकोट गाउँपालिकाको कार्यालय सम्झनुपर्दछ ।

२.२ “कार्यदल” भन्नाले, गाउँपालिकाको आर्थिक विकास शाखा सम्झनुपर्दछ ।

२.३ “कार्यविधि” भन्नाले, युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि तालिम, गाई भैंसी पालन, बंगुर, बाखा पशुपन्छी बजार प्रवर्धन भन्ने बुझ्नु पर्दछ ।

२.४) “युवा” भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ५० वर्ष सम्मका नेपाली नागरिक भन्ने बुझ्नु पर्दछ ।

३. उद्देश्य :

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क) गाई, भैंसी, बाखा, बंगुर, लोकल कुखुरा पालन तथा पशुपन्छी बजार प्रवर्द्धन सम्बन्धि व्यवसाय संचालनको

लागि आवश्य प्रर्ने प्रबिधि तथा ७५% प्रतिशत अनुदान प्रदान गर्ने ।

ख) स्वदेशमा स्वरोजगारका अवसरहरु सिर्जना गरि रोजगारीको लागि विदेशिने कम न्यूनिकरण गर्न सहयोग पुऱ्याउने ।

ग) युवाहरुको आयआर्जनमा टेवा पुऱ्याई कृषक परिवारको जिवन स्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

घ) रिब्दीकोट गाउँपालिकालाई दुध, मासु, अण्डामा आत्मनिर्भर बनाउने ।

४. युवा लक्षित विशेष पशुपंक्षी उत्पादन (व्यवसायिक गाई, भैंसी, बाख्रा, बंगुर, लोकल कुखुरा पालन) कार्यक्रम संचालन प्रकृया

क) कार्यक्रम अवधि : यो कार्यक्रम रिब्दीकोट गाउँपालिकाले निर्णय गरे बमोजिम अवधिसम्म संचालन हुनेछ ।

ख) कार्यक्रम छनौटका आधारहरु : व्यसायिक गाई, भैंसी, बाख्रा, बगुर, लोकल कुखुरा पालनका लागि संभावना भएका यस रिब्दीकोट गाउँपालिकाका सम्पूर्ण वडाले निवेदन दिने फार्महरु यस रिब्दीकोट गाउँपालिकामा अनिवार्य रुपमा दर्ता भएको हुनुपर्ने छ ।

ग) आफ्नो फार्म, नियमित गाउँपालिकामा नविकरण गरेको हुनुपर्नेछ ।

घ) फार्ममा पालेका पशुपंक्षी विमा गरेको हुनुपर्ने छ ।

ङ) सम्बन्धित वडाकार्यालयको सिफारिश संलग्न गर्नु पर्ने छ ।

ग) व्यवसायिक गाई, भैंसी, बाख्रा, बंगुर, लोकल कुखुरा फार्मलाई ३ वर्गमा विभाजन गरिनेछ ।

१. <u>साना व्यवसायिक गाई, भैंसी तथा बंगुर फार्म :</u>

यस कार्यक्रमको लागि ५ देखी ९ वटा उन्नत दुधालु गाई भैंसी

तथा बंगुरको हकमा ४ वटा माउ वंगुर १ वटा बिर भएको हुनुपर्ने छ। बाखाको हकमा २० देखि २९ वटा माउँ बाखा भएको र लोकल कुखुरा, हाँस, टर्की, लौकाटको हकमा ५० देखि ४९९ सम्म पालेको हुनुपर्ने छ।

२. मझौला स्तरका गाई भैंसी, बाखा, बंगुर, लोकल कुखुरा, हाँस, टर्की, लौकाट फार्म :

यस कार्यक्रमको लागि १० देखी १९ वटा उन्नत दुधालु गाई भैसी तथा बंगुरको हकमा १० देखि १९ वटा माऊ बंगुर तथा बिर र बाखाको हकमा ३० देखि ४९ वटा माउँ बाखा तथा बिउ बोका र लोकल कुखुरा हाँस, टर्की, लौकाठ ५०० भन्दा बढी भएको हुनुपर्ने छ।

३. ठूला व्यवसायिक फर्म :

यस कार्यक्रमको लागी २० भन्दा माथि उन्नत दुधालु गाई भैंसी तथा बाखाको हकमा ५० वटा भन्दा माथि माऊ बाखा ब्याडे बोका र बंगुरको हकमा २० वटा भन्दा माथि माउ बंगुर पालन गरी प्रयाप्त बिर पनि हुनुपर्ने छ।

घ) कार्यक्रमका लागि उपलब्ध गराईने अनुदानको प्रकार :

१) साना व्यवसायी फार्म :

- उन्नत गाई भैंसी प्रति फार्म रु. २५,०००।-
- बाखा प्रति फर्म रु २०,०००। वंगुर प्रति फर्म २०,०००।-
- लोकल कुखुरा हाँस,टर्की लौकाट प्रति फर्म रु ५०००।-

२) मझौला स्तरका लागी :

- गाईभैसी प्रति फर्म रु ५०,०००।-

- ✍ बंगुर प्रति फर्म ४०,०००।-
- ✍ बाख्रा प्रति फर्म रु. ४०,०००।-
- ✍ लोकल कुखुरा, हाँस, टर्की, लौकाठ प्रति फर्म रु २५,०००।-

३) ठुला व्यावसायीक फार्म :

- ✍ गाईभैसी प्रति फर्म १,००,०००।-
- ✍ वंगुरको प्रति फर्म १,००,०००।-
- ✍ बाख्रा प्रति फर्म १,००,०००।- का दरले नगद अनुदान उपलब्ध गराउन सकिने छ ।

क्रियाकलापहरु :

फार्म सुदृढिकरण संग सम्बन्धित कार्यहरु :

- ✍ गोठ निर्माण सुधार तथा फार्म सुरक्षा बार बन्देज जैबीक सुरक्षा आदि ।
- ✍ पशु प्रजनन् आहारा तथा अन्य व्यवस्थापकिय कार्य (कृतिम गर्भाधान, उपकरण ,ग्रैन्डर, चापकटर, काउ( म्याट मिल्क क्यान) आदि
- ✍ वएटिङ्ग मेसिन खरिद, दाना खाने भाडा खरिद आदि ।

ङ) रकम निकासा : कार्यालयले सम्बन्धित फार्म स्थापना गर्ने कृषकलाई स्वीकृत कार्ययोजना अनुसार कार्य प्रगति सम्पन्न भएको अनुगमन मुल्याङ्कन प्रतिवेदन तथा सम्बन्धित वडाको सिफारिशको आधारमा जम्मा लागतको ७५% प्रतिशत अनुदान रकम निकासाको प्रक्रिया अगाडी बढाईने छ ।

च) प्रस्ताव आह्वान : व्यक्तिगत रुपमा युवा कृषकले वा साझेदारीमा उन्नत गाई भैंसी फार्महरु साना वा मझौला स्तरका फार्महरु सुदृढिकरण तथा यान्त्रिकरणका लागि यस गाउँपालिकाका सम्पुर्ण वडा कार्यलयहरुमा सुचना प्रकाशित गरिने छ ।

च) प्रस्ताव मुल्याङकन :

१. प्रस्ताव आह्वान भएबमोजिम निर्धारित मिति र समय भित्रमा पेश हुन आएका प्रस्तावहरुको सुचिी सार्वजनिक खरिद ऐन, नियामावली र प्रचलित आर्थिक नियामावली अनुसारका पदाधिकारिहरुको रोहबरमा मुचुल्का बनाई सम्बन्धित पशु सेवा शाखाको सिफारिश सहित सो को विवरण गाउँपालिकामा पठाउनु पर्नेछ ।

२. वडा कार्यालय तथा पशु सेवा शाखा बाट सिफारिश भई आएका पशुपंक्षी फार्मको आवेदन, प्रस्तावना उपर छानविन तथा मुल्यांकन गर्नका लागि तपशिल अनुसारको मुल्यांकन समिति रहने छ ।

तपशिल :

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | सह-संयोजक |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. लेखा अधिकृत | सदस्य |
| ५. गाउँपालिका पशु सेवा शाखा | सदस्य-सचिव |

अनुसूची- १
रिब्दीकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
खस्यौली,पाल्पा

प्रस्ताव आव्हानको सुचना
प्रथम पटक प्रकाशित मिति २०..... ।....... ।....... गते

यस रिब्दीकोट गाउँपालिकाको आ.व......................... , ....................गाउँसभाबाट स्वीकृत युवा लक्षित कार्यक्रम तर्फको यस गाउँपालिका भित्रका सबै वडाबाट काम गर्न इच्छुक, मापदण्ड पुगेका व्यावसायिक पशुपंक्षी फार्मले आवश्यक कागजात संलग्न राखि निजि फार्म कृषकहरुले यो सुचना प्रकाशित भएको मितिले ... दिन भित्र पेश गर्नु हुन सम्बनिधत सबैको लागि यो सुचना प्रकाशित गरिएको र अनुसुची २ अनुसारको निवेदन सहित प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क.स. | कार्यक्रम | संख्या | अनुदान रकम | कै. |
|---|---|---|---|---|
| १ | गाई भैसी फार्म सुधार कार्यक्रम | २० माउ भन्दा माथि | १,२५,०००।- | |
| २ | गाई भैसी फार्म सुधार कार्यक्रम | १० माउ दखि १९सम्म | ५७,०००।- | |
| ३ | गाई भैसी फार्म सुधार कार्यक्रम | ५ दखि ९ माउँ | २५,०००।- | |
| ४ | वंगुर फार्म सुधार कार्यक्रम | २० माउ भन्दा माथि | १,००,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| ५ | वंगुर फार्म सुधार कार्यक्रम | १० देखि १९माउँ | ४०,०००।- | |
| ६ | वंगुर फार्म सुधार कार्यक्रम | ५ माउ दखि ९ माउँ | २०,०००।- | |
| ७ | बाख्रा फार्म सुधार कार्यक्रम | ५० माउ भन्दा माथि | १,००,०००।- | |
| ८ | बाख्रा फार्म सुधार कार्यक्रम | ३० देखि ४९ माउँ | ४०,०००।- | |
| ९ | बाख्रा फार्म सुधार कार्यक्रम | २० देखि २९ माउ | २०,०००।- | |
| १० | लोकल कुखुरा, हाँस, टर्की, लौकाट | ५०० माउ भन्दा माथि | २५,०००।- | |
| ११ | लोकल कुखुरा, हाँस, टर्की, लौकाट | ५० देखि४९९ माउँ | ५,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची- २

व्यावसायिक पशुपंक्षी फार्मले कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मिति

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रिब्दीकोट गाउँपालिका
खस्यौली , पाल्पा ।

विषय : युवा लक्षित व्यावसायिक फार्म सुधार अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति....................मा प्रकाशित सूचना अनुसार म पशुपंक्षी फार्म संञ्चालकले युवा लक्षित तर्फको व्यावसायिक पशुपंक्षी फार्म सुधार अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकाले अनुसुची ३ मा उल्लेख भए अनुसारको कागजात हरु संलग्न राखी यो निवेदन पेश गरेको छु । ..................

निवेदक :
नाम :
ठेगाना :
फार्मको नाम :
दस्तखत :
सम्पर्क नं.

## अनुसूची- ३

## व्यावसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु

१. नेपाली नागरित्ता प्रतिलिपी
२. अनुसुची २ अनुसारको ढाँचा निवेदन
३. अनुसुची ४ अनुसार विस्तृत व्यावसायिक कार्ययोजना
४. जग्गाको स्वामित्व देखिने कागजात
५. यस गाउँपालिकामा दर्ता भएको प्रमाण पत्र र निवेदन दर्ता गर्नु भन्दा पहिला नविकरण गरेको
६. स्थायी लेखा नम्वर
७. शैक्षिक योग्यता, तालिम, अनुभव तथा वैदेशिक रोजगारबाट फर्केको प्रमाण प्रतिलिपी
८ सम्बन्धित वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा दर्ता गर्ने

## अनुसुची ४

## कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजना

कार्यक्रमको नाम :

ठेगाना :

जिल्ला : गा.पा. वार्ड नं. टोल

फार्मको नाम : संञ्चालको नाम :

१ व्यावसायको परिचयलः

उद्धेश्यहरु :

३.पशुपंक्षी पालन व्यवसाय अनुभव :

४.व्यावसाय सञ्चालन भएको स्थानको संक्षिप्त विवरण :

५.व्यवसाय सञ्चालन का लागि रहेको पुर्वधार :

६. तालिम सम्बन्धि विवरण :

७.सहकार्यमा संञ्चालन गरिने प्रस्तावित कार्य विवरण :

| क.सं. | संचालन गरिने कार्यक्रम | अनुदान रु | निजी लगानी | अन्य निकायबाट हुने अनुदान | जम्मा लगानी |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

८. सञ्चालन हुने कार्यक्रमको बातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने )

९. उत्पादित वस्तुको बजार योजना :

१० थप आधारहरु :

- उपलब्ध जग्गाको क्षेत्रफल :
- कार्यक्रमको स्पस्टता :
- अपेक्षित वार्षिक प्रतिफल :

कार्ययोजना पेश गर्ने :

फार्म कृषको नाम :

ठेगानाः

दस्तखत :

## अनुसुची ५
## सम्झौता पत्रको ढाँचा

रिब्दीकोट गाउँपालिकाको कार्यालय खस्यौली, पाल्पा (यसपछि प्रथम पक्ष भनिने) र व्यावसायिक पशुपंक्षी फार्म.........................(यस पछि दास्रो पक्ष भनिने) विच युवा लक्षित तर्फको व्यावसायिक फर्म सुधार अनुदान कार्यक्रममा तपशिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षिय सम्झौता गरियो ।

तपसिल

१. प्रथम पक्षले लागत साझेदारमा .................कार्यक्रमको लागि कुल लागत रु............मध्ये अनुदान बापत रु ..................(यस पछि दोस्रो पक्षलाई अनुदान रकम रु...... अनुदान सहयोग प्रदान गर्ने छ ।

२. दोश्रो पक्षले बाँकी रकमको व्यवस्था स्वयम दोस्रो पक्षले गरी जिल्ला............. गाउँपालिका.........वार्ड नं. .........टोल ............मा मिति २०.....।.......महिना भित्र सम्पन्न गर्नेछ ।

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्तावना पत्र मुताविकको डिजाईन र इस्टमिट अनुसारको सम्पुर्ण कार्यहरु गुणस्तर कायम राखी सम्पन्न गर्नपर्ने छ ।

४. प्रथम पक्षले कुनैपनी बेला सञ्चालित फार्मको अनुगमन, निरिक्षण गरि सम्झौता मुताविक कार्य भए नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्ने छ ।

५. दोस्रो पक्षलाई सम्झौता मुताबिक डिजाईन, ईस्टिमेट अनुसार सम्पन्न गरि विल भरपाई, डोर हाजिर, वडाको सम्पन्न सिफारिश पछि मात्र प्रथम पक्षले भुक्तानी दिने छ ।

५. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंगगरी प्रचलित कानुन बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

६. कार्यक्रमको दौरानमा कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा

दुबै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

७. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य कार्यक्रमको नाम, ठेगाना तथा सहयोग निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड राख्नुपर्नेछ ।

८. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।

| | |
|---|---|
| दोश्रो पक्ष | प्रथम पक्ष |
| दस्तखत : | दस्तखत |
| नाम : | नाम: |
| पद: | पद: |
| संस्था : | कार्यालय : |
| रोहवर : | रोहवर : |
| दस्तखत: | दस्तखत : |
| नाम: | नाम : |
| पद: | पद : |
| संस्था : | संस्था : |

आज्ञाले
रिषीराम अर्जेल
प्रमुख प्रशासकीय अधिकृत